पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय संकलनका लागि क्यान्टीन संचालनको बोलपत्र आह्वान गरिएको सूचना।

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/३२)

यस कार्यालयमा अगामी आ.ब. २०७७/०७८ मा **क्यान्टीन संचालन** गर्नका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसील बमोजिमका शर्तहरु भित्र रही रीतपूर्बक ७ (सात) भित्र दर रेट पेश गर्ने हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र खरिदको लागि रु. १०००।– (अक्षेरुपी रु. एक हजार मात्र) पछि फिर्ता नहुने गरि यस कार्यालयको लेखा शाखामा नगद बुझाई सो को रसिद पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयभित्र यस पञ्चेश्वर गाउँपलिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ र टेण्डर फाराम खरिद गर्दा नागरिकताको फोटोकपी अनिवार्य रुपमा संलग्न पेश गर्नु पर्नेछ।
२. बोलपत्र फाराम साथ धरौटी बापतको रकम नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत यस कार्यालयको **रा.बा.बैंक बैतडी** शाखा स्थित ४०५०३०३००७११० वा नबिल बैंक पञ्चेश्वर शाखा स्थित ७६०१०१७५०००००५ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयमा नगदै बुझाई सो को सक्कल रसिद संलग्न गर्नु पर्नेछ।
३. खरिद गरिएका बोलपत्रहरु प्रष्टसंग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना, कामको नाम प्रष्ट लेखी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ।
४. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिनेछ।
५. प्रत्येक कामको लागि छुट्टा छुट्टै बोलपत्र खरीद तथा दाखिला गर्नुपर्नेछ।
६. बोलपत्र सोही दिनको २:०० बजे ठेकेदारका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलव्ध गराएको, बोलपत्रमा कुनै थपघट वा द्रष्टब्य नलेखेको हुन हुनुपर्नेछ। समय भित्र पेश नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
९. कबोल अंक अक्षर र अंकमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
१०. क्यान्टीन संचालनका लागि कार्यालयले ठेकेदार पक्षलाई कार्यालय भित्र रहेको १ कोठा उपलब्ध गराउने छ। यस ठेक्का लागि न्यूनतम रकम रु. ३०,०००/- तोकिएको छ।
११. ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।